# कोरोनासँगै पर्यटन

हाम्रो साझा घर यो पृथ्वीको साढे चार अर्ब वर्षको इतिहासमा डाइनोसरजस्ता भीमकाय जनावरहरुले मात्रै अस्तित्व र क्रमविकासको लडाइँ लडेनन् , कपालको रौंको व्यास जत्तिको सानो क्षेत्रफलमा हजारौंको संख्यामा अटाउन सक्ने भाइरसहरुसमेतले बाँच्नका लागि संघर्ष गरे, गरिरहेका छन् । सबै सजीवहरुमा 'जेनेटिक ब्लुप्रिन्ट' भएजस्तै भाइरसमा पनि हुन्छ तर अन्य सबै सजीवमा 'मेटाबोलिज्म' भए जस्तो यसमा हुँदैन । यसकारण भाइरस सजीव र निर्जीव बीचको कडी हो । यसलाई गणितीय शून्यसँग तुलना गर्न सकिन्छ, जुन आफै न धनात्मक हो न ऋणात्मक तर संख्या रेखामा दुबै किसिमका संख्याहरुको सीमामा बसी संख्याहरुको गुणमा क्रमभंगता गर्दछ । यस्तै भाइरस परिवारका सदस्यहरुमध्ये चीनको बुहान प्रान्तबाट पूरै मानव सभ्यतामाथि धावा बोलेको अति संक्रामक र श्वासप्रश्वास सम्बन्धी समस्या देखाउने कोरोना भाइरस कोभिड १९ पनि एक हो ।

यस भाइरसले विश्वव्यापीकरणका नकारात्मक असरहरुको पराकाष्ठा बोध गर्ने गरी सभ्यताको चरमचुलीमा पुगेको मानव जातिका अगाडी दोस्रो विश्वयुद्धपछिको सबैभन्दा ठूलो संकट खडा गरिदिएको छ र हामीलाई सोच्न बाध्य बनाइदिएको छ कि कुनै दिन अति संक्रामक र उच्च मृत्युदर भएको कुनै भाइरसले नै यो धर्तीबाट मानव सभ्यताको अन्त्य गरिदिने त होइन । यो भाइरसको मानवमाथिको हमला यति शक्तिशाली छ कि महिनौंसम्म मानवका सांसारिक क्रियाकलाप प्राय ठप्प छन्; विकास, समृद्धि, लोकतन्त्र,स्वतन्त्रता र सभ्यताका स्थापित मान्यताहरु परिमार्जनको संघारमा पुगेका छन् र सुखी नेपाली र समृद्ध नेपालको आधारको रुपमा रहेको पर्यटन व्यवसायलाई 'भ्रमण वर्ष २०२०'को शुरुवातमै धराशायी बनाईदिएको छ ।

सामान्यतया आफू बसेको ठाउँ भन्दा टाढा फुर्सदको समयमा मनोरञ्जन गर्न एक वर्षभन्दा कम समयका लागि बस्ने र घुम्ने कार्य पर्यटन हो । यसमा पर्यटकले नयाँ ठाउँको भूगोल, जनजीवन, संस्कृति, वन्यजन्तुबाट आफूमा ताजापन महसूस गर्छ । जीवन बाँच्नुको अर्थ र सार भेट्छ । एकोहोरो र पट्यारलाग्दो जीवन पुनर्जागृत हुन्छ । पर्यटनले पर्यटकीय स्थलका जनताको जीवनस्तरलाई उच्च बनाउनका साथै तिनीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा मद्दत गर्छ । विशिष्ट भूराजनैतिक अवस्था र हरेक क्षेत्रमा अत्यधिक विविधताले भरिएको हाम्रो देश नेपालका लागि जलस्रोत र पर्यटन समृद्धिको सम्भावना

बोकेका दुई महत्वपूर्ण खम्बा हुन् । पर्यटन क्षेत्रमा नविनतम् सोच, खोज र अनुसन्धान, नवप्रवर्तन सहित कोरोनासँगै पर्यटन लान सक्नु हाम्रो लागि आजको समयको माग र बुद्धिमत्ता दुबै हो ।

विश्वव्यापी कोरोना महामारीको यस घडीमा आज हाम्रो पर्यटन गतिविधिको सूई लगभग शून्यमा झरेको छ । पर्यटन  व्यवसायी टाँट पल्टिने अवस्थामा छन् । यस क्षेत्रमा लाखौं युवा बेरोजगार बनेका छन् । हाम्रा पदमार्गहरु निर्जन बनेका छन् । विश्व सम्पदामा सूचिकृत स्थलहरु, सौराहा, ठाकुरद्वारा, हिमालय क्षेत्र, पोखरा, रारा, खप्तड, तालतलैया, पहाडी परिवेश र तराईका गन्तव्यहरु वर्षौंपछि नैराश्यताको शान्तिमा उभिएका छन् । विश्व पर्यटनले दशकौ पछि अनिश्चित मन्दी बेहोरेको छ । 'अतिथिदेवो भवः' को हाम्रो संस्कृतिमा ग्रहण लागेको छ र नयाँ मान्छे देख्दा मुखौटो लगाएर भाग्न पर्ने स्थिति सिर्जना भएको छ । सकारात्मक सोच र त्यसको लागि बौद्धिकताको प्रदर्शन नै हामीलाई सभ्यताको शिखरमा पुऱ्याउने दिव्य जडिबुटी हो र यस महामारीबाट पर्यटनलाई उन्मुक्ति गर्न सक्ने  औषधि पनि यही नै हो ।

एड्स  महामारीको शुरुवातमा २|४ वर्षमा खोप बनिहाल्ने विश्वास धेरैमा थियो तर अहिलेसम्म बनेन । हामीले एड्सलाई न्यूनीकरण गर्दै यससंग बाँच्न सिक्यौ । विश्वव्यापी बन्दाबन्दिले महामारीको अगाडि ठूलो अवरोध खडा गरी यसलाई नियन्त्रण गर्न सकेन । खोप बन्ला नबन्ला तर अब हाम्रोसामु कोरोना महामारीसंगै अर्थव्यवस्था र पर्यटनलाई अगाडि बढाउने चुनौति सिर्जना भएको छ । अर्थात् यो धर्तीमा बाँच्नका लागि मानव जातिको संघर्षले फेरि नयाँ रुप लिएको छ ।

करोडौ वर्ष पहिले जुन महाप्रलयमा यो धर्तीमा राज गरिरहेका भीमकाय डाइनोसर लुप्त भए, त्यतिखेर आजको मानव जातिका पूर्वज पृथ्विभित्र दूलोमा लुकिबस्ने स्तनधारी थिए । अफ्रिकाको एप्स भ्यालीमा जुन महाविनास मच्चियो, जसमा लाखौं प्रजाति यो धर्तीबाट विलिन भए, हाम्रो पुर्खाले त्यतिखेर रुखमा बस्ने बानी र चार खुट्टाले हिड्ने गुण त्यागी दुई खुट्टाले दगुर्न सिक्यो र जनावरबाट मानवतिरको यात्रा अगाडी बढायो । यसरी आफूलाई प्रकृति अनुकुल बनाउँदै, चुनौतिहरुलाई अवसरमा परिवर्तन गर्दै हामी आफ्नो क्रमविकासमा अब्बल हुँदै आज सभ्यताको शिखरमा पुग्न सफल भयौं । आज घरभित्र बसेर हामी अधोपतन र विनास कुर्न सक्दैनौं । कोरोनासंग जुधेर फेरि बाँच्नका लागि संघर्षमा खरो उतार्ने चुनौतिलाई अवसरमा रुपान्तरण गर्दै कोरोनासंगै पर्यटनलाई अगाडि बढाउन सक्नु नै हाम्रो जीत हो ।

यसमा दुई मत छैनकि कोरोनापूर्व र कोरोनापछिको पर्यटनमा निकै फरक हुनेछ । कोरोनाले पर्यटन व्यवसायको मात्रै होइन् धेरै कुराको युग विभाजन गर्ने शक्ति राख्छ । कोरोनासंगै पर्यटन अब पर्यटन

व्यवसायमा आएको नवप्रवर्तन हो । यसले कठोर नागरिक अनुशासन र चेतनाको माग गर्छ । राज्यको तीनै तहलाई नयाँ दायित्व बोध गराउँछ । होटल, रेष्टुरा, होमस्टे, पर्यटकीय स्थल, विमानस्थल, बसपार्क र यातायतका साधनको बनोट, तौरतरिका लगायत हाम्रा आनिबानी र स्वास्थ्य प्रणालीमा आमूल परिवर्तनको माग गर्दछ । रोकथाम, उद्धार, प्रतिकार्य र विकास लगायतका संकट र विपद् व्यवस्थापनका चरणहरुमा उत्कृष्टता देखाउन सक्नुपर्छ । संकटलाई घेरा हाली बाहिर फैलिनबाट रोक्नुपर्छ । कोरोनासंगै पर्यटन अगाडी बढाउनु यो क्षेत्रमा लगानी बढाई खोज र अनुसन्धान गरिनुपर्छ । कोरोनाको खोप र औषधि पत्ता लगाउन रातोदिन प्रयास हुन आवश्यक छ । कोरोनाको जोखिम न्यूनीकरणका उपायहरु खोज्नु पर्छ ।

कोरोना संगै पर्यटनका लागि विश्वका नागरिकमा कोरोना प्रतिरोधी चेतना र अनुशासनको खाँचो छ । न्यूनतम सामाजिक दूरी, समय समयमा साबुनपानीले हात धुने, स्यानिटाइजर र मास्कको प्रयोग, हातले अनुहारमा चलाउने  बानीमा सुधार, शंकास्पद ठाउँबाट घरमा फर्किदा प्रयोग गरेको मास्क नष्ट गर्ने, जुत्ता चप्पल र बाहिर प्रयोग गरेको लुगा बाह्य कोठामा छोड्ने, समय समयमा धुने, अनिवार्य रुपमा नुहाएर परिवारको सम्पर्कमा आउने, बाहिरबाट ल्याएका सामान घाममा सुकाएर,बाहिरि कभर फालेर वा निर्मलीकरण गरेर मात्रै घर भित्र लग्ने बानीको विकास नै कोरोना प्रतिरोधी अनुशासन  र आनिबानी हो । अति संवेदनशील ठाउँमा व्यक्तिगत सुरक्षा उपकरण (पीपीई), अनुहार छोप्ने उपकरण (भाइजर) को प्रयोग गर्न सकिन्छ । कोरोना प्रतिरोधी वस्त्रको विकास हुन जरुरी छ । सेवा प्रवाहमा टोकन प्रणाली,  दूरि कायम गर्न वृतको प्रयोग गरी लाइन निर्माण, सार्वजनिक र निजि स्थलमा स्यानिटाइजर र हात धुने ठाउँको व्यवस्था, अनावश्यक रुपमा काउन्टरमा हात नराख्ने व्यवस्था आवश्यक छ । स्वास्थ्यबर्धक र मानव रोग प्रतिरोधी क्षमता विकास गर्ने खाना खाने, तातो पानी खाने, विहानको मन्द घाममा बस्ने, दीर्घ रोगी र बालबालिकाले सकेसम्म बाह्य मान्छेको सम्पर्कमा नआउनु आज आवश्यक छ ।  यी र यस्तै कुराको प्रयोग जसले कोरोना नियन्त्रण र न्यूनीकरण गर्छ, त्यो नै यहाँ भन्न खोजिएको कोरोना प्रतिरोधी चेतना र अनुशासन  हो । यसको प्रवर्द्धन र नियमन तीनै तहको सरकारको दायित्व हो । कोरोना सम्बन्धी सहि र यथार्थ जानकारी प्रदान गर्न राज्यले कुनै कसर बाँकी राख्न हुँदैन । साथै कोरोना कालमा आफ्ना नागरिक, स्वदेशी|विदेशी पर्यटक र पर्यटन व्यवसायीले पालना गर्नुपर्ने आचार संहिता जारी गर्नुपर्छ र कानुनद्वारा यस विरुद्धका गतिविधिलाई दण्डनीय बनाई अशरशः पालना गराउनुपर्छ । स्वतन्त्रता लोकतन्त्रको गहना हो तर मानव सभ्यता र आजसम्म मानिसले हाँसिल गरेका उपलब्धिलाई तहसनहस हुनबाट जोगाउन उच्च चेतनासहितको स्वतन्त्रता आजको माग हो न कि छाडा स्वतन्त्रता ।

कोरोनासंगै पर्यटन शुरु गर्न हामीले धेरै कुरा गर्नुछ। प्रथमतः पर्यटन व्यवसायमा छाएको नैराश्यतालाई चिर्नुपर्छ। यस क्षेत्रमा गरिएको अर्बौंको लगानी डुब्नबाट बचाउनुपर्छ र बेरोजगारी बढ्नबाट जोगाउनुपर्छ। चाडै पर्यटकीय गतिविधि बढाउँदै जानुपर्छ र त्यसका लागि सरकारले पर्यटन व्यवसायीलाई आश्वस्त पार्नुपर्छ। यस क्षेत्रमा राहात स्वरुप बैंकको सावाब्याज पछि तिर्न सकिने, सरकारी कर र जरिवानालाई तत्कालका लागि मिनाहा वा न्यून गर्नुपर्छ।

भत्केका पदमार्गहरुको निर्माण, भूकम्पबाट भत्केका पुरातात्विक संरचनाहरुको द्रुत गतिमा पुनर्निर्माण, नयाँ पर्यटकीय स्थलहरुको पहिचान, प्याराग्लाइडिङ, हट एर बेलुन, बम्जि जम्प जस्ता साहसिक पर्यटनको सम्भाव्यता अध्ययन, पर्यटकीय स्थलमा विभिन्न संरचनाको निर्माण, सगरमाथा लगायतका हिमालमा रहेको सयौं टन फोहोर र लाशहरुको व्यवस्थापन अहिलेको अवस्थामा पर्यटनको क्षेत्रमा गर्न सकिने थुप्रै कार्यहरुमध्ये केहि हुन्। पर्यटनको क्षेत्रमा खोज, अनुसन्धान, वेभिनार र सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमबाट बहस गर्न कोरोनाले छेकेको छैन। पर्यटकीय सम्भावनाका दृष्टिले भुटानभन्दा नेपाल दर्जनौ गुणा समृद्ध छ तर विश्वव्यापी प्रचारप्रसारको माध्यमबाट भुटानले पर्यटनमा छलाङ मार्दैछ। विश्वमा नेपाल समेत नचिन्ने धेरै छन्। हामी आफैलाई हाम्रो आफ्नै जिल्ला, क्षेत्र र देशका कतिपय पर्यटकीय क्षेत्रको ज्ञान छैन। यस्तो अवस्थामा वृतचित्र, स साना चलचित्रको माध्यमबाट सूचना प्रविधि र विश्वका विभिन्न सञ्चार माध्यमको प्रयोग गरेर प्रचारप्रसार गरी नेपालमा रहेका लाखौं पर्यटकीय स्थलको जानकारी देशभित्र र विश्वमा गर्न अपरिहार्य छ। यो नै नेपालमा आन्तरिक र अन्तर्राष्टिय पर्यटन प्रवर्द्धनको अचुक उपाय हो। यी कार्यमा सकेसम्म पर्यटन पेशाबाट बेरोजगार भएका जनशक्ति परिचालन गरी केहि राहात दिन सकिन्छ।

सरकारले स्वास्थ्यका मापदण्ड लागु गर्दै अब ढिलो नगरी अन्तर्राष्ट्रिय र राष्ट्रिय उडान र देशभित्र लामो दूरिका सवारी साधन र तुलनात्मक रुपमा कम जोखिम देखिएको चीनसंगको सम्पूर्ण स्थल नाका र पीसिआर टेष्ट सहितका भारतीय पर्यटकका लागि स्थल नाका खोल्नुपर्छ। लुम्विनीमा निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलको काम चाडो टुङ्ग्याई संचालनमा ल्याउनु पर्छ। कोरोना प्रतिरोधी चेतना र अनुशासनका मापदण्ड सहित हिमाल आरोहण, धार्मिक र साहसिक पर्यटन, पदमार्गहरु, राष्ट्रिय निकुञ्ज, तालतलैया लगायतका कम जोखिमपूर्ण क्षेत्रहरु पर्यटकका लागि खोल्ने निर्णय गर्न अब ढिला गर्नुहुँदैन र जोखिमको निरन्तर विश्लेषण मार्फत अन्य क्षेत्र पनि बिस्तारै खोल्दै जाने नीति लिनुपर्छ। प्रत्येक हप्ता,

भीमदत्त नगरपालिका प्रथम स्थान हासिल गरेको निबन्ध

महिनामा हाम्रा पर्यटकीय गतिविधि, तिनका सकारात्मक र  नकारात्मक असरसहित समीक्षा गरी सकारात्मकताको प्रबर्द्धन र नकारात्कताको न्यूनीकरण गर्ने उपाय चाल्नु आवश्यक छ ।

जिल्ला वा देशव्यापी बन्दाबन्दि र निषेधाज्ञाले अर्थतन्त्र तहसनहस मात्र पारेन, कोरोना नियन्त्रणमा पनि कुनै अपेक्षित भूमिका खेल्न सकेन । अब कोरोना संकटलाई स्थानियस्तरमा घेरा हाली जोखिम नियन्त्रण गर्नु पर्छ । समुदायमा संक्रमण भएका क्षेत्रमा बाहिर भित्र प्रवेश निषेध गर्ने र समुदायमा संक्रमण नभएका  ठाउँमा संक्रमित व्यक्तिलाई अलग्गै राख्ने र उसको सम्पर्कमा आएकाहरुको परिक्षणमा जोड दिने व्यवस्था गर्नुपर्छ।  अस्पताल र  उपकरण लगायतका क्षमताहरुको  बृद्धि गर्नुपर्छ। पीसिआर टेष्ट बढाउनुपर्छ ।

मुस्ताङ घुम्न जाने पर्यटक आफ्नो पीसिआर प्रतिवेदन सहित त्रिभुवन  अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुग्छ । उसले मास्क, पन्जा, भाइजरको प्रयोग गरी विमानस्थलमा हेल्थ डेस्कमा स्वास्थ्य परीक्षण लगायतका कानूनी प्रक्रिया पूरा गर्छ। तत्काल काठमाडौ कोरोनाको दृष्टिले जोखिमपूर्ण छ। त्यहाँ संकटलाई घेराबन्दि गरिएको छ । यो कुराको जानकारी पर्यटकलाई पनि छ । सिधै पर्यटक आन्तरिक उडान मार्फत जोमसोमका लागि रमाना हुन्छ । सबै कोरोना प्रतिरोधी चेतना र अनुशासनका जानकार छन् । जहाज, ट्याक्सि, बस, होटल सबै निर्मलीकरण गरिएका छन्। यातायतका साधनका सिटहरु प्लाष्टिक वा सिसाको क्याविनमा परिणत गरिएका छन् र यस्तै छन् , होटेल रेष्टुराका स्वागत कक्षहरु पनि । प्रत्येक पर्यटकको बसाइँपछि होटेलका कोठाहरु निर्मलीकरण गरिएका छन्। जहाँ पनि मान्छेहरु बीच भौतिक दूरि कायम छ तर सामाजिक आत्मियता र  विश्वबन्धुत्व छ। यो र यस्तै हुनसक्छ, कोरोनासंगै पर्यटनको  नमुना।

हाम्रो सुन्दर नगरी भिमदत्तनगर पर्यटनका असंख्य सम्भावना बोकी विकासको पर्खाइमा बसेको छ । यो आन्तरिक र  अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रबिन्दु बन्न सक्छ । केहि वर्षयता यस  क्षेत्रमा थुप्रै कार्यहरु भएका छन् । कोरोनाको यो समयमा आगामी दिनका लागि दिर्घकालिन योजना, रणनीति र कार्यनीतिहरु तयार  गरी अगाडि बढ्न जरुरी छ। हामी विश्वकै सबैभन्दा बढी जनसंख्या भएका र आर्थिक समृद्धिको द्रुत गति समाएका देशहरु चीनबाट केही सय किलोमिटरको दूरीमा छौ भने भारतसंग सीमा जोडिएर बसेका छौं । भारतीय  र भारतमा रहेका अन्य देशका पर्यटकलाई बढिभन्दा बढि गड्डाचौंकि नाका भएर नेपाल प्रवेश गराउन सक्यौं र केहिदिन यहि रोक्न सक्यौं भने त्यसले यो क्षेत्रको विकासमा ठूलो मद्दत पुग्नेछ । जैविक विविधताको उत्कृष्ट नमूनाका रुपमा हामीकहाँ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र सामुदायिक वनहरु छन् । सुदूर पश्चिमी संस्कृति, देउडा नाच, छलिया नृत्य, चौधरि र  रानाथारु संस्कृति र यहाका होमस्टेले हामीलाई

अझै धनी बनाएको छ । अर्गानिक खेतिपाति, माछापालन लगायतका व्यवसायहरुको प्रवर्द्धन गरी कृषि पर्यटन र इको टुरिज्मको सम्भावना धेरै छ । देवभूमी अन्तरगत पर्ने यो क्षेत्रमा रहेका बैजनाथ, सिद्धनाथ, भक्केनी धामले धार्मिक पर्यटनमा अतुलनीय योगदान दिनसक्छ । चुरे पहाडका गल्छिहरु वनभोज, बन्जिजम्प र हाइकिङका सम्भावना बोकी खडा छन् । प्रकृतिका काखमा रमाउन खोज्नेका लागि थुप्रै अमूल्य स्थान हामीकहाँ छन् । उत्तर तिर रहेको चुरे पर्वतले प्याराग्लाइडिङ, हट एअर बेलुन, केबुलकार,माउन्टेन बाइकिङ लगायतको साहसिक पर्यटनको सम्भावना बोकेको छ । झोलुङ्गे पुल, महाकाली माथिको निर्माणाधीन पक्कि पुल, झिलमिला ताल, रानी ताल, हात्तिसार, खल्ला मसेट्टि जस्ता क्षेत्रले पर्यटकलाई अझै आकर्षित गर्नसक्छ । माहाकाली नगरपालिकामा बन्ने सुख्खा बन्दरगाह र मजगाउ धावनमार्गको विकासले यहाँको आर्थिक र औद्योगिक पर्यटनलाई उकास्ने सम्भावना प्रबल छ । कोरोनाको न्यून असर रहेकोले मापदण्ड सहित हामीले हाम्रा सम्पूर्ण पर्यटकीय स्थल खुला गर्न आवश्यक छ । नगरवासीलाई पहिला आफ्नै नगर घुम्न र अनि मात्र देश, विदेश घुम्न प्रोत्साहित गर्ने रणनीति लिनुपर्छ । आन्तरिक र अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरी पर्यटनका विभिन्न प्याकेजहरु घोषणा गरिनुपर्छ ।

कुनै पनि महामारीलाई कम आँक्न मिल्दैन्, लापरबाहि गरिनुहुन्न । तर कोरोना नियन्त्रणको लागि जुन रणनीति हामीले अपनाउँदै छौं, त्यसले हामीलाई सभ्यतामा पछाडि फर्काई कृषी युगमा पुऱ्याईदिनसक्छ । कोरोनाको निषेध हुनुपर्नेमा यहाँ अर्थतन्त्रको निषेध गरियो । अनुपयुक्त रणनीतिका कारण कोरोनाले गर्न सक्ने क्षति भन्दा अस्पत्तालसम्म पहुँच नपाई सयौं रोगी मरे । आत्महत्याको दर आकाशियो । गरिखाने वर्गका जनताले केटाकेटीलाई थोरै खुवाएर आफू भोकै बसेका, परिवारको पेट पाल्न नसकी आत्महत्या गरेका दुर्दशाहरु समाजले बेहोऱ्यो । गरिबि ह्वात्तै बढ्यो र फेरि एकचोटि गरिब र धनीबीचको खाडल गहिरियो । कोहि खान नपाएर टुँडिखेलमा लाइन लाग्न बाध्य भए भने कसैले दिनभरि फुर्सदिला भई मिष्ठान्न व्यञ्जन खाँदै फेसबुक र टिकटकमा प्रस्तुत गर्नथाले । संसार फेरि सन् १९३० को भन्दा ठूलो आर्थिक मन्दिमा रुमल्लिने लक्षण देखा पऱ्यो । विश्व पर्यटन संगठनको प्रतिवेदन अनुसार कोरोनाले सन् २०२० को अन्त्यसम्ममा यस क्षेत्रमा करिब ९ सय १० विलियन डलरदेखि १·२ डलरसम्म घाटा र १२० मिलियनसम्मले यो क्षेत्रमा रोजगारी गुमाउने अनुमान गरेको छ ।

यी तथ्यांक हेर्दा निषेध अव कोरोनाको हुनुपर्छ नकि पर्यटनको । पर्यटन व्यवसायमा तत्काल राहातको घोषणा, बेरोजगारीको उचित सम्वोधन, पर्यटन सम्बन्धी वेभिनार, खोज र अनुसन्धान, भत्केका संरचनाको निर्माण, पर्यटकीय स्थलको प्रचार प्रसार लगायतका कार्य गर्दै आन्तरिक र बाह्य पर्यटकका

भीमदत्त नगरपालिका प्रथम स्थान हासिल गरेको निबन्ध

लागि पर्यटकीय स्थल खोल्दै यस क्षेत्रलाई नवजीवन दिई सन् २०२२ सम्म देशलाई मध्यम आय भएको राष्ट्रमा उकासी 'समृद्ध नेपाल र सुखी नेपाली'को सपना पुरा गर्न यो क्षेत्रको भूमिकालाई उकास्नपर्छ। पर्यटनको विकासबाट प्रत्येक नेपालीको मुखमा हाँसो र मनमा सन्तुष्टि ल्याउन अपरिहार्य छ।

Writer - Uday Raj Joshi

Bhimdatt Municipality-01, Kanchanpur

Mobile : 9841700250 \ 9858776864

email : joshiuday972@gmail.com

font : kokila (unicode traditional)

भीमदत्त नगरपालिका प्रथम स्थान हासिल गरेको निबन्ध